# गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिको लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३

प्रस्तावनाः गुठी संस्थान ऐन, २०३३ को दफा १२(क) बमोजिम गरिने गुठी संस्थानको प्रशासकको नियुक्ति निष्पक्ष, पारदर्शी र योग्यता प्रणालीका आधारमा हुने सुनिश्चित गर्न सोको प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकोले नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस मापदण्डको नाम "गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिको लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो मापदण्डमा:-

(क) "ऐन" भन्नाले गुठी संस्थान ऐन, २०३३ सम्झनु पर्छ।

(ख) "प्रशासक" भन्नाले गुठी संस्थानको प्रशासक सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ४ को उपदफा (१) बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(ङ) "शाखा प्रमुख" भन्नाले मन्त्रालयको गुठी संस्थान हेर्ने शाखाको प्रमुख सम्झनु पर्छ।

(च) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

(छ) "संस्थान" भन्नाले गुठी संस्थान सम्झनु पर्छ।

३. <u>नियुक्तिका लागि योग्यताः</u> प्रशासक नियुक्तिका लागि ऐनमा उल्लेख भएबाहेक देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) कम्तिमा स्नातक उपाधि प्राप्त गरेको,

(घ) गुठी वा भूमि प्रशासन वा इतिहास वा धार्मिक, सांस्कृतिक, सामाजिक वा व्यवस्थापन वा कानूनको क्षेत्रमा कम्तिमा पाँच वर्षको कार्य अनुभव,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु तथा अवैध रूपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन नदिएको,

(छ) कुनै राजनैतिक दलको पदाधिकारी वा सदस्य नरहेको,

(ज) संस्थानसँग ठेक्कापट्टा वा कुनै कारोबारमा निजी आर्थिक स्वार्थ निहीत नरहेको,

(झ) धार्मिक, सांस्कृतिक, सामाजिक, जातीय द्वेष/घृणा फैलाउने कार्यमा संलग्न नरहेको।

४. <u>सिफारिस समितिः</u> (१) प्रशासक पदमा नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) मन्त्रालयको सचिव | - संयोजक |
| (ख) मन्त्रालयले तोकेको गुठी वा संस्कृति सम्बन्धी ज्ञान भएको विज्ञ | - सदस्य |
| (ग) मन्त्रालयको सम्बन्धित विषय हेर्ने महाशाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गर्नेछ।

(३) उमेदवार र समितिका संयोजक वा सदस्यबीच कुनै स्वार्थको द्वन्द देखिएमा त्यस्तो संयोजक वा सदस्यको सट्टामा मन्त्रालयले तोकेको व्यक्तिले संयोजक वा सदस्यको रूपमा कार्य गर्नेछ।

(४) समितिको सचिवालय संस्थानमा रहनेछ र यस कार्यविधि बमोजिमको पदपूर्ति प्रक्रियाको प्रशासनिक जिम्मेवारी मन्त्रालयको संस्थान हेर्ने शाखा प्रमुखको हुनेछ।

(५) समितिको बैठक तथा छनोट सम्बन्धी कार्यका लागि आवश्यक पर्ने खर्चको व्यवस्थापन समितिको निर्णयबमोजिम संस्थानले गर्नेछ।

५. <u>दरखास्त माग गर्नेः</u> (१) समितिले रिक्त प्रशासक पदको लागि अनुसूची -१ बमोजिमको ढाँचामा दरखास्त माग गर्न राष्ट्रियस्तरको दैनिक पत्रिका तथा मन्त्रालय र संस्थानको वेबसाइटमा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उमेदवार हुनका लागि चाहिने योग्यता, दरखास्त साथ पेश गर्नुपर्ने कागजात, छनोट परीक्षाको किसिम र मिति तथा स्थान समेत उल्लेख गर्नु पर्नेछ।

६. <u>छनोट तथा सिफारिसका आधार र प्रक्रियाः</u> (१) समितिले प्राप्त दरखास्तमध्येबाट देहायका आधारमा कूल १०० (एक सय) पूर्णाङ्कमा मूल्याङ्कन गरी उमेदवारको छनोट गर्नेछः

| | |
|---|---|
| (क) कार्य अनुभव बापत | २० अङ्क |
| (ख) संस्थानको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन | ४० अङ्क |
| (ग) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | २० अङ्क |
| (घ) अन्तर्वार्ता | २० अङ्क |

(२) उपदफा (१) बमोजिमका आधारका खण्डिकृत सूचक र मूल्याङ्कनको अङ्कभार विभाजन छनौट प्रक्रिया आरम्भ हुनु अगावै समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उमेदवारको कार्य अनुभवको मूल्याङ्कन दरखास्तसँगै पेश गरेका सम्बन्धित कागज प्रमाणका आधारमा समितिले गर्नेछ।

(४) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन समितिले तोकेका दुई जना विज्ञले सचिवालयमै बसी छुट्टा छुट्टै गर्नेछन्। दुबै जनाको मूल्यांकनबाट औसतमा न्यूनतम पचास प्रतिशत अङ्क प्राप्त गर्ने उमेदवार मात्र प्रस्तुतीकरण र अन्तरवार्तामा सहभागी हुन पाउनेछ।

(५) उपदफा (४) बमोजिमको मूल्याङ्कनमा छनोट हुने उमेदवारको सूची र प्रस्तुतीकरण तथा अन्तर्वार्ताको ढाँचा तथा कार्यतालिका मन्त्रालयको वेबसाइटमा प्रकाशन गरी सोको जानकारी टेलिफोनमार्फत सम्बन्धित उमेदवारलाई दिनु पर्नेछ।

(६) प्रस्तुतीकरण र अन्तरवार्ताको मूल्याङ्कन फाराम समितिका सदस्यले व्यक्तिगत रूपमा भरी छुट्टा छुट्टै खाममा सिलबन्दी गरी शाखा प्रमुखलाई बुझाउनु पर्नेछ।

(७) शाखा प्रमुखले उपदफा (६) बमोजिम प्राप्त सिलबन्द खाम सोही बखत समितिकै सामु खोली हरेक उमेदवारको सबै सदस्यले दिएको अङ्कको औसत अङ्क र समितिले कार्य अनुभवको मूल्याङ्कनमा दिएको अङ्कको योगका आधारमा योग्यताक्रमको अन्तिम सूची तयार गर्नुपर्नेछ।

(८) समितिले उपदफा (७) बमोजिमको सूचीका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना उमेदवारको वर्णानुक्रम अनुसारको सूची मन्त्रालयमार्फत नेपाल सरकारलाई सिफारिस गर्नेछ।

तर यस मापदण्ड बमोजिमको प्रक्रियाबाट तीनजना उमेदवार छनोट हुन नसकेमा सोभन्दा कम संख्यामा उमेदवार सिफारिस गर्न बाधा पर्ने छैन।

७. <u>प्रशासकको नियुक्तिः</u> दफा ६ को उपदफा (८) बमोजिमको सिफारिसका आधारमा मन्त्रालयले पेश गरेको प्रस्तावमा संलग्न सूचीका उमेदवारमध्ये नेपाल सरकार, मन्त्रिपरिषद्ले उपयुक्त उमेदवारलाई प्रशासकका रूपमा नियुक्त गर्न सक्नेछ।

८. <u>पुनः दरखास्त आव्हान गर्नेः</u> (१) प्रशासक पदमा पहिलो पटक दरखास्त आव्हान गर्दा योग्यता पुगेका कम्तिमा तीन जनाको दरखास्त नपरेमा समितिले पाँच दिनको समय दिई पुनः दरखास्त आव्हान गर्नु पर्नेछ।

(२) प्राप्त दरखास्तमध्ये रीत नपुगी आएका तथा गलत वा झुठा कागजपत्र पेश गरेको उमेदवारको दरखास्त समितिले जुनसुकै चरणमा रद्द गर्न सक्नेछ।

९. <u>कागजपत्रको संरक्षणः</u> (१) समितिले सिफारिससम्बन्धी कार्य सम्पन्न गरिसकेपछि सम्पूर्ण कागजातहरू मन्त्रालयको सम्बन्धित शाखामा सुरक्षित राखु पर्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउनेः</u> यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा भएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

(मदन भुजेल)
सचिव

## अनुसूची - १

## दरखास्तको लागि आवेदनको ढाँचा

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

मिति.........................

श्रीमान् संयोजकज्यू

.....................................................

विषयः दरखास्त पेश गरेको सम्बन्धमा ।

महोदय,

गुठी संस्थानको प्रशासक पदमा नियुक्तिका लागि मिति ........................ मा प्रकाशित सूचनाबमोजिम देहायका विवरण संलग्न गरी दरखास्तका लागि आवेदन पेश गरेको छुः

उमेदवारको नाम थरः

राष्ट्रिय परिचयपत्र नं वा नागरिकता नं. र जारी जिल्लाः

जन्म मितिः

आमाको नाम थरः

बाबुको नाम थरः

बाजेको नाम थरः

स्थायी ठेगानाः

प्रदेशः

जिल्लाः

गाउँपालिका/नगरपालिकाः

वडा नम्बरः

मोबाइल नं.ः

ईमेल ठेगानाः

मदन भुजेल
सचिव

शैक्षिक योग्यता सम्बन्धी विवरण

| शैक्षिक संस्थाको नाम, ठेगाना | उपाधि | अध्ययन वर्ष | | श्रेणी/ प्रतिशत/ GPA | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |

अनुभव सम्बन्धी विवरण

| संस्था/निकायको नाम, ठेगाना | पद | कार्यरत अवधि | | मुख्य जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |

माथि उल्लिखित विवरण ठिक साँचो छ । झुठा ठहरिएमा कानुन बमोजिम सहुँला/बुझाउँला।

उमेदवारको दस्तखत:

मिति:

ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

मदन भुजेल
सचिव

## अनुसूची - २

## उमेदवारको स्व-घोषणा

(दफा ३ सँग सम्बन्धित)

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. नाम, थर (नेपालीमा):

**Name (In English)** :

२. जन्म मितिः वि.सं.: इ.सं.:

३. स्थायी ठेगाना:

अस्थायी ठेगाना:

४. नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:

जारी मिति र जिल्ला:

५. सम्पर्क नं.:

६. इमेल:

७. शैक्षिक योग्यता:

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

<u>स्वघोषणा गर्ने व्यक्तिको</u> -

दस्तखतः

दायाँ     बायाँ

मिति :

<u>स्वघोषणा गराउने अधिकृतको</u> -

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः